# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## गभर्नर डा. खतिवडाद्वारा लुम्बिनी बैंकको रजिष्टर्ड कार्यालय भवन उद्घाटन



गभर्नर डा. युवराज खतिवडाले २०७० पुस २६ गते नारायणगढमा लुम्बिनी बैंक लिमिटेडको नवनिर्मित रजिष्टर्ड कार्यालय भवनको उद्घाटन गर्नु भयो । सो उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले हाल बैंकिङ्ग प्रणालीमा देखिएको अधिक तरलता एउटा सुखद् समस्या हो भन्नु हुँदै चारवर्ष अघि बैंकिङ्ग प्रणालीमा देखिएको तरलताको अभावले वित्तीय प्रणालीप्रतिको विश्वासमा देखिएको कमीलाई हटाउनका लागि केन्द्रीय बैंकका तर्फबाट अवलम्बन गरिएका नीतिगत कदमहरू र बैंकहरूको व्यवसायिक सुधारको परिणामस्वरूप वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता बढेको उहाँको धारणा थियो ।

एकातिर सर्वसाधारणको निक्षेप जोखिम न्यूनीकरण गर्न सुरक्षण गर्ने व्यवस्था भएको र अर्कातिर बैंकहरूको लगानीमा देखा पर्ने हुल प्रवृत्ति (Herd Tendency) का कारण तरलता व्यवस्थापनमा समस्या आई प्रणालीगत जोखिम नियमनका लागि केन्द्रीय बैंकले Macroprudential Regulation शुरु गरेको तथा बैंकहरूले पनि लगानीका नयाँ सम्भावनाको खोजी गर्न नसक्दा तरलता बढ्न गएको उहाँले स्पष्ट पार्नुभयो ।

सोही दिन लुम्बिनी बैंकले आयोजना गरेको Promoting Economic Prosperity of Chitwan विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै गभर्नर डा. खतिवडाले चितवन उद्योग वाणिज्य संघले कृषिलाई उच्च प्राथमिकतामा राखी समग्र आर्थिक विकासको अवधारणा ल्याएकामा सन्तोष व्यक्त गर्नुभयो ।

चितवनका विकासका सम्भावनाका क्षेत्रहरू कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य सेवाहरू रहेको चर्चा गर्दै उहाँले चितवनको कृषि व्यावसायिक भएकोले यहाँ कृषिको प्रचुर सम्भावना रहेको बताउनु भयो । व्यावसायिक कृषिको सम्भावना पहिल्याउँदा बीउ बिजन उत्पादनमा चितवनले अगुवाई गर्न सक्ने, नगदेबालीबाट उत्पादकत्व बढाई अधिक लाभ लिन सकिने र बैंकहरूले पनि व्यावसायिक कृषिमा लगानी बढाई राष्ट्रिय दायित्व निर्वाह गर्न सक्ने निचोड कार्यक्रमबाट निस्केको र सो धारणा तर्कपूर्ण रहेको विचार उहाँको रहेको थियो ।



व्यावसायिक कृषिलाई मल, बीउ र वित्तीय स्रोतको व्यवस्था भए पनि दैवी र प्राकृतिक जोखिम न्यूनीकरण गर्न कृषि बीमा अन्तर्गत बाली, पशु तथा पंक्षी बीमाको व्यवस्था गरिएको उहाँले स्पष्ट पार्नु भयो ।




चितवनमा व्यवसायिक कृषि, पर्यटन, जलयात्रा, केवुलकार आदिको विकास गर्न सकिने धारणा राख्दै उहाँले निजी क्षेत्रले यसतर्फ पूँजी परिचालन गर्नु पर्ने बताउनु भयो । कृषि क्षेत्रमा लगानी बढाउनका लागि बैंकहरूले लक्षित क्षेत्र, उत्पादन तथा जनसङ्ख्या गरी यी तीन प्रकारका कार्यक्रममा अघि बढ्न उहाँले बैंकहरूलाई सुझाव दिनु भयो । भू-उपयोग नीति तर्जुमा र सोको प्रभावकारी कार्यान्वयन गर्न सकेमा चितवनको एकीकृत विकास हुनसक्ने धारणा राख्नु भयो ।

चितवनका कृषकहरूको कृषियोग्य भूमिलाई कृषि विश्वविद्यालयले प्रयोगशालाको रूपमा उपयोग गर्न सके कृषि प्राविधिक उत्पादन र बहुसंख्यक कृषकको हित एकैसाथ हुन सक्ने उहाँको तर्क थियो ।

व्याजदर अन्तरका सम्बन्धमा चर्चा गर्दै उहाँले आधाजसो बढी वाणिज्य बैंकहरूको पाँच प्रतिशतकै हाराहारीमा व्याजदर अन्तर रहेको वस्तुस्थितिलाई दृष्टिगत गरी अन्य बैंकहरूले समेत आफ्नो सञ्चालन लागत घटाउनु पर्ने सुझाव उहाँको थियो । यद्यपि, लघुवित्त सेवा प्रवाहमा रहेको सामाजिक खर्चको विषयलाई भने पुनरावलोकन गर्न सकिने धारणा उहाँको थियो । सामान्य नाफा नभई बैंक चल्न नसक्ने भएतापनि असामान्य नाफा उन्मुख हुन भने सामाजिक जिम्मेवारीका हिसावले समेत बैंकहरुका लागि उपयुक्त नहुने स्पष्ट पार्नु भयो ।

**गभर्नरको कार्यालय**
मिति २०७० पौष २८ गते, आइतबार